सॉंगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta


**सूपरीबेक्षक तथा गणक आवश्यकता सम्बन्धी सूचना**
(प्रकाशित मिति :२०७६/०३/०४)

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौको गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत देहाय बमोजिमको पदमा जनशक्ति नियुक्ती गर्नुपर्ने भएकोले निम्नानुसार आवश्यक न्यूनत्तम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले सॉंगुरीगढी गाउँ कार्यपालिकाको कार्यालय, भेडेटार, धनकुटामा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न :**

**१.माग पद संख्या :**

क) सुपरीवेक्षक -१ (एक)
ख) गणक -५ (पाँच)

**२. परीक्षाको किसिम :** अन्तर्वार्ता र कम्प्यूटरको प्रयोगात्मक परीक्षा ।

**३. आवश्यक न्यूनत्तम योग्यता :**

क) **सुपरीबेक्षक पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट **तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय** सहित कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको र कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको ।

ख) **गणक पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट **तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय** सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको र कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको ।

**४. परीक्षा केन्द्र र मिति :** सॉंगुरीगढी गाउँ कार्यपालिकाको कार्यालय, भेडेटार, धनकुटा । परीक्षा मिति दरखास्त दिने अन्तिम दिन प्रकाशित गरिनेछ ।

**५.उम्मेदवारको उमेरको हद :** मिति २०७६/०३/१० सम्म १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

**६. संलग्न गर्नुपर्ने कागजातहरु** : व्यक्तिगत बिवरण (Bio Data), नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रहरु ।

**७.दरखास्त दिने अन्तिम मिति** : २०७६/०३/१० सम्म ।

**८.दरखास्त दस्तुर :** सुपरीवेक्षक पदको लागि रु ४००।०० र गणक पदको लागि रु ३००।०० बुझाउनु पर्नेछ ।

**९.दरखास्त दिने तरिका** : दरखास्त फाराम यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ । यस कार्यालयबाट तोकिएको दरखास्त दस्तुर बुझाई दरखास्त फाराम पेश गर्नुपर्नेछ ।

**१०. पारीश्रमिक** : सुपरीबेक्षकको लागि रा.प. अनं.प्रथम श्रेणी र गणकको लागि रा.प. अनं. द्वितीय श्रेणीको कर्मचारीको मासिक तलवको शुरु स्केल बराबरको पारिश्रमिक उपलब्ध गराइनेछ ।

**११. करार अवधि** : नियूक्ति भएको मितिबाट बढीमा ५ (पाँच) महिना ।

**१२.** यसै गाउँपालिका क्षेत्र भित्रका स्थानीय बासिन्दालाई प्राथमिकता दिइनेछ ।

(सूर्यबहादुर भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत